नेपाल सरकार

भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

(सुशासन प्रवर्द्धन शाखा)

सिंहदरबार, काठमाडौं

पत्र संख्या : ०८३/८४

चलानी नं. : २०४

मिति : २०८३।७।२७

विषयः परिपत्र सम्बन्धमा।

श्री आयोग/मन्त्रालय तथा मातहतका निकायहरु (सबै),
श्री गृह मन्त्रालय मार्फत जिल्ला प्रशासन कार्यालयहरु (सबै),
श्री प्रदेश तथा स्थानीय तहहरु (सबै),
श्री महालेखा नियन्त्रक कार्यालय मार्फत कोष तथा लेखा नियन्त्रक कार्यालयहरु (सबै),

प्रस्तुत विषयमा राष्ट्रिय किताबखानाको च.नं. २२७, मिति २०८३।०७।२७ को पत्र यसैसाथ संलग्न छ। सो सम्बन्धमा E-pension सेवा सञ्चालन गर्ने व्यवस्था मिलाउनु हुन आदेशानुसार अनुरोध छ।

०८३।७।२८

हरि नारायण शर्मा
शाखा अधिकृत

बोधार्थः
श्री राष्ट्रिय किताबखाना, हरिहरभवन, ललितपुर।
श्री सूचना प्रविधि शाखा- यस मन्त्रालयको Website तथा स्थानीय तहको Portal मा समेत अपलोड गरिदिनुहुन।

नेपाल सरकार

भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

राष्ट्रिय किताबखाना

पत्र संख्या:-२०८३/८४
चलानी नं. :- 226

मितिः २०८३।०७।२७
नेपाल सम्वतः ११४७

श्री भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं।

विषयः परिपत्र सम्बन्धमा।

प्रस्तुत विषयमा यस विभागबाट सम्पादन हुने निवृत्तभरण, उपदान, सञ्चित बिदा एवम् औषधी उपचार रकम किटानी र सिटरोलसम्बन्धी सेवाहरू मिति २०८३ कार्तिक १ गतेदेखि अनिवार्य रूपमा अनलाइन प्रणालीमार्फत सञ्चालनमा आएको वेहोरा विदितै छ। निवृत्तभरण सेवाका सन्दर्भमा हालसम्म उपत्यका बाहिरका कार्यालयहरूको हकमा जिल्लास्थित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट हुँदै आएको E-pension सम्बन्धी कार्य अब उप्रान्त सम्बन्धित कार्यालयबाटै सञ्चालन हुने भएकाले सोका लागि आवश्यक User Credential उपलब्ध गराउने प्रयोजनार्थ कार्यालयको प्रशासन हेर्ने सम्बन्धित कर्मचारीको क.सं.नं., नाम, पद, Email ID र सम्पर्क नम्बर विभागको इमेल ठेगाना it@pis.gov.np मा पठाउने व्यवस्थाका लागि तपसिल बमोजिम परिपत्र गरिदिनुहुन साथै किताबखानामा दर्ता नभएका कार्यालय (योजना/आयोजना)हरूको हकमा सम्बन्धित तालुक विभाग/मन्त्रालयबाटै E-pension सेवा सञ्चालन गर्ने व्यवस्था मिलाइदिनुहुन समेत अनुरोध छ।

<u>तपसिल</u>

१. सबै मन्त्रालय तथा मातहतका निकायहरू
२. गृह मन्त्रालय मार्फत् सबै जिल्ला प्रशासन कार्यालयहरू
३. सबै प्रदेश तथा स्थानीय तहहरू
४. महालेखा नियन्त्रक कार्यालय मार्फत् सबै कोष तथा लेखा नियन्त्रक कार्यालयहरू

2082/06/26

.....
(आरती न्यौपाने)
महानिर्देशक

पुनश्चः E-pension सेवा लिने कर्मचारीको PIS विवरण अनिवार्य रूपमा अद्यावधिक (Update) गराउन समेत परिपत्रमार्फत जानकारी गराइदिनुहुन अनुरोध छ।